माई नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ४ संख्या ५ राजपत्रमा प्रकाशित मिति : २०७७/११/२०

## भाग -२
## माई नगरपालिका

### माई नगरपालिका खोर सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि २०७७

कार्यपालिकाबाट स्वीकृत मिति : २०७७/११/१७

प्रमाणिकरण मिति: २०७७/११/१७

माई नगरपालिकाको अधिकतम भूभाग चुरे छेत्र रहेको स्थानीय तह हो । यस नगरपालिकाको कृषि क्षेत्रमा बाख्रापालान र बंगुरपालनको अग्रणी भूमिका रहेको छ । “गरौं व्यावसायिक कृषि यसैबाट हुन्छ माई नगरको समृद्धी” भन्ने माई नगरको दिगो कार्ययोजनालाइ सफल पार्नको निम्ति यस नगरपालिकाका किसानहरुलाइ व्यावसायिक बाख्रा एबम बंगुरपालन तर्फ आकार्षित गर्नको निम्ति, यस नगरपालिकाले यो कार्यबिधि बनाएको छ ।

**परिच्छेद १**

प्रारम्भिक

१. संछिप्त नाम र प्रारम्भ

क. यो कार्यबिधिको नाम **माई नगरपालिका खोर सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि २०७७** रहेको छ ।

ख. यो कार्यविधि बाख्रा र बंगुरको खोर सुधार कार्यक्रम सम्पादन गर्ने प्रयोजनको लागि नगर कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागू हुने छ ।

२. परिभाषा

क. मन्त्रालय भन्नाले कृषि तथा पशु पंक्षी मन्त्रालय सम्झनु पर्नेछ ।
ख. बिभाग भन्नाले पशु सेवा बिभाग भन्ने सम्झनु पर्ने छ ।
ग. कार्यालय भन्नाले माइ नगरपालिका नगर कार्यपालिकाको कार्यालयलाइ सम्झनु पर्ने छ ।
घ. नगरपालिका भन्नाले माई नगरपालिकालाइ सम्झनु पर्ने छ ।
ङ. शाखा भन्नाले माई नगरपालिका पशु सेवा शाखा भन्ने बुझ्नु पर्ने छ
च. कार्यविधि भन्नाले सामुदायिक **माई नगरपालिका खोर सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि २०७७** भन्ने बुझ्नु पर्ने छ ।

३. उधेस्य

क. माई नगरपालिका पशु सेवा शाखाको नीति तथा कार्यक्रम प्रभावकारीरुपमा कार्यान्वयन गर्ने ।
ख. माई नगरपालिका भित्रका सुचिकृत बाख्रा तथा बंगुरपालक किसानको गोठ सुधारमा सहयोग पुर्याउन ।
ग. गोठ सुधार कार्यक्रमलाइ प्रभावकारी बनाइ माई नगरको दिगो कार्ययोजनालाइ सहयोग पुर्याउन ।
घ. कृषकलाइ व्यावसायिक कृषि तर्फ अग्रसर गराउन ।

## परिच्छेद-२

४. कार्यक्रम संचालन प्रक्रिया

**क.** यो कार्यक्रम माई नगरपालिकाको सम्पूर्ण वडाहरुमा संचालन गरिने छ ।

**ख.** प्रत्येक वडालाइ बराबर रकम बिनियोजन गरिने छ ।

**ग.** कार्यक्रम संचालानका लागि कृषक छनौटका आधार र संचालन प्रक्रिया देहाय बमोजिम हुनेछ

१. नगरपालिकामा फर्म दर्ता गरि सक्रिय रुपमा पशुपालन (कम्तिमा १० माउ बाख्रा वा ५ माउ बंगुर) गर्दै आएको किशानलाइ प्राथमिकता दिइनेछ ।
२. एउटै कृषकलाइ दोहोरो पर्ने गरि अनुदान वितरण गरिने छैन ।
३. वडा कार्यालयको सिफारिस बमोजिम स्थलगत अनुगमनबाट प्रति कृषक खोर सुधार अनुदान कार्यक्रमलाइ ५०% लागत साझेदारीमा बढीमा रु. १०,००० अनुदान उपलब्ध गराइने छ ।
४. प्रस्तावकले प्रस्ताव पेस गर्दा अनुसूची १ बमोजिमको बिवरण खुलाई सम्बन्धित वडा कार्यालयमा रित पुर्बक निबेदन पेस गर्नु पर्ने छ ।
५. प्रत्येक वडा बाट वडा स्तरको निर्णयले प्रत्येक वडाबाट १०(बाख्रा/बंगुर) कृषि फर्म/ कृषक छनौट गरि वडाको सिफारिसमा अनुदान रकम सम्झौता गरिने छ ।
६. वडा कार्यालयले अनुसूची २ बमोजिमको सूचकहरुलाइ मापदण्ड मानि कृषि फर्म/कृषक छनौटका लागि पशु सेवा शाखामा सिफारिस गर्नु पर्ने छ ।
७. लाभग्राही कृषकले आफ्नो स्व-लगानीबाट प्रस्तावित कार्य सम्पादन गरे पश्चात अनुदान रकम प्रस्तावित कार्य सम्पादनको स्थलगत निरीक्षण पश्चात पशु सेवा शाखाको सिफारिसमा भुक्तानी गरिने छ ।

५. थपघट वा हेरफेर गर्ने

क) यो कार्यबिधी कार्यान्वयनलाइ थप व्यवस्थित र प्रभावकारी बनाउन नगरपालिकाले आवस्यकता अनुसार यस निर्देशिकामा केहि थपघट, हेरफेर तथा खारेज गर्न सक्ने छ ।

ख) यो कार्यबिधी कार्यान्वयनमा कुनै वाधा अवरोध र अस्पष्टता आएमा वाधा अवरोध फुकाउने प्रयोजनका लागि नगरपालिकाको कार्यालयले आवस्यकता अनुसार व्याख्या गर्न सक्ने छ ।

समाप्त

अनुसूची १
५०% अनुदानमा बाख्रा/बंगुर खोर सुधार कार्यक्रम २०७७/२०७८
माई नगरपालिका शितली, इलाम

व्याबसायिक कृषक/ कृषि फर्मको नाम:
ठेगाना:
वार्ड नं.
सम्पर्क नं.
खोरको आकार (लम्बाई * चौडाई)

**व्यावसायिक फार्म/कृषकले संचालन गरिने कार्य प्रस्तावित योजना विवरण :**

| क्र. स. | संचालन गरिने क्रियाकलाप | | अपेक्षित अनुदान सहयोग रु. | निजि लगानी रु. | जम्मा लगानी रु. |
|---|---|---|---|---|---|
| | विवरण | परिणाम | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

फार्म सुधार कार्यक्रममा कार्य गर्ने व्यवसायी र साझेदारी फार्मले न्युनतम अनुदान रकम बरावरको रकम प्रस्तावित योजनामा समावेश गर्नु पर्नेछ ।

निवेदक कृषक/ कृषि फर्मको दस्तखत/छाप

# अनुसूची २
# ५०% अनुदानमा बाख्रा/बंगुर खोर सुधार कार्यक्रम २०७७/२०७८ मुल्यांकनका आधारहरु

| क्र. सं. | आवेदकको नाम ठेगाना | प्रस्तावितक कार्य योजना (२०) | व्यवसायको सम्भाव्यता (१५) | बाख्रा बंगुरको संख्या (२०) | जग्गाको क्षेत्रफल (१५) | जैविक तथा पर्यावरणीय सुरक्षा विधि (१५) | अन्य कार्यक्रम गर्दा कृषकको आचरण(१५) | कुल प्राप्तां क (१००) |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| ७ | | | | | | | | |
| ८ | | | | | | | | |
| ९ | | | | | | | | |
| १० | | | | | | | | |